नेपाल सरकार

# गृह मन्त्रालय

(.........................................शाखा)

नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्या :-

प्राप्त पत्र संख्या र मिति :-

च. नं. :-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मितिः- २०७२/१/१५

विषय :-

## प्रेस विज्ञप्ति

भूकम्प गएको आज मिति २०७२।१।१५ गते चौथो दिन पनि प्रभावित क्षेत्रहरुमा उद्दार तथा राहत वितरणको कार्य जारी रहेको छ ।

प्राप्त पछिल्लो जानकारी अनुसार मुलुकभर मृतकको संख्या ४६८० पुगेको छ भनें ९२३९ जना घाइते भएका छन् । घाइतेहरुलाई नजिकको अस्पताल, स्वास्थ्य केन्द्रहरुमा लगी उपचार गराउने व्यवस्था मिलाइएको छ । हालसम्म भौतिक संरचना तर्फ १६७२ घर पूर्णरुपमा क्षति भएको र २५९७ घर आंशिकरुपमा क्षति भएको प्रारम्भिक जानकारी प्राप्त भएको छ ।

नेपाली सेना, निजी क्षेत्र, मित्रराष्ट्र भारतबाट आएका हेलीकप्टरहरुबाट प्रभावित क्षेत्रहरु रामेछाप, दोलखा, नुवाकोट, रसुवा, धादिङ, ओखलढुंगा, सोलुखुम्बु, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, गोरखा लगायतका जिल्लाहरुमा राहत प्याकेज पुर्‍याउने तथा घाइतेहरुको उद्दार गर्ने कार्य निरन्तर रुपमा भइरहेको छ ।

हालसम्म भूकम्प प्रभावित जिल्लाहरुमा २६ करोड ३० लाख रुपैंया निकासा भइसकेको छ । चामल, नून, चिनी, च्यूरा, चाउचाउ, विस्कुट लगायतका खाद्य पदार्थहरु, त्रिपाल, कम्बल, लत्ताकपडा, भाँडाकुडा, औषधी जस्ता राहतका सामग्रीहरु जिल्ला जिल्लामा पठाउने काम भइरहेको छ ।

आन्तरिक र बाह्य श्रोत साधनको अधिकतम परिचालन गरी भूकम्पबाट परेको असर/प्रभावलाई न्यून गर्न निरन्तर रुपमा गृह मन्त्रालय लागिरहेको व्यहोरा सबैमा अनुरोध छ ।

(लक्ष्मीप्रसाद ढकाल)
प्रवक्ता